# श्रीराम सुगर मिल्स लिमिटेड, गरुडा, रौतहटको

# प्रेश विज्ञप्ती

यस उद्योगले उखु किसानहरुबाट खरिद गरेको उखुको भुक्तानी गर्न बांकी रहेको बक्यौता रकमका सम्बन्धमा पटक पटक सम्बन्धित निकायहरुमा छलफल गरी समस्या समाधानका उपायहरु अवलम्बन गर्ने तर्फ उद्योग व्यवस्थापन पक्ष सदैव अग्रसर रहेता पनि केही कानूनी व्यवधानका कारण उद्योगको मांग बमोजिम समस्या समाधान हुन नसकेको ब्यहोरा हामी सबैमा अवगत नै छ ।

यस उद्योगको स्थापनाकाल देखि नै हाम्रा उखु उत्पादक किसानहरुको अत्यधिक सहयोग र साथ पाउंदा पाउदै पनि विभिन्न परिस्थितिका कारण उद्योग अत्यधिक नोक्सानीमा गई परिस्थितिबस हाम्रा उखु किसानहरुलाई भुक्तानी गर्न बिलम्ब भई पर्न गएको पीर मर्का तथा दुःख प्रति पून:क्षमाप्रार्थि छौं ।

यस उद्योगले भुक्तानी गर्न बांकी रहेको बक्यौता रकम भुक्तानीका लागी उद्योगको बैंक खातामा रकम जम्मा भई सकेको र भुक्तानीका लागी कारखाना स्थलमा सूचना टांस गरी सकेको अवगत गराउदै उक्त सूचनामा मिति २०७७ पौष ३ गते शुक्रबार देखि भुक्तानी चालु गर्ने ब्यहोरा उल्लेख भएको सबैमा जानकारी गराउन चाहन्छौं ।

मिति: २०७७।०९।०३

श्रीराम सुगर मिल्स लि.
का तर्फबाट

Scanned with CamScanner